भद्रपुर नगरपालिका

# स्थानीय राजपत्र

कोशी प्रदेश झापा नेपाल

खण्ड ७, भद्रपुर, भाद्र १५गते, २०८० साल,संख्या १

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

## सूचना

भाग २.

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिका वाट जारी भएका विभिन्न ऐन कानून र कार्यविधिहरुमा मित २०८०/०३/२९ मा भएका संसोधनहरु सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ

स्वीकृत मिति २०८०/०३/२९
प्रमाणीकरण मिति २०८०/०४/०३

## विषय : सूचना प्रकाशित गरिएको ।

**यो जोसँग सम्बन्धित छ ।**

भद्रपुर नगरपालिकाको दोस्रो नगर सभाको मिति २०८०/०३/२९ मा भएको १२ औं अधिवेशनबाट देहाय अनुसारका ऐन तथा कार्यविधिहरुमा भएको संसोधन सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

(क) भद्रपुर नगरपालिकाबाट स्वीकृत भद्रपुर नगरपालिकाको श्रमिकहरुको सेवा सुरक्षा व्यवस्थापन कार्यविधि २०७८ को नं. १२ को १ पछि देहाय अनुसार नं. १(क) थप गरी संसोधन गरिएको छ ।

➤ **"१(क) यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख भएको भएता पनि भद्रपुर नगरपालिकामा आवद्ध तथा सुचीकृत भएका श्रमिकहरुलाई नगरपालिकाले परिचयपत्र उपलब्ध गराउन सक्नेछ ।"**

➤ **ख)** भद्रपुर नगरपालिकाको बाल क्लब तथा बाल संजाल सञ्चालन निर्देशिका २०७६ मा भएको संसोधन देहाय अनुसार छ ।

(१) भद्रपुर नगरपालिकाको बाल क्लब तथा बाल संजाल सञ्चालन निर्देशिका २०७६ को दफा ८ (२) को "भेलाले बाल क्लब" भन्ने वाक्यांस पछिको "गठन गरी" भन्ने वाक्यांस हटाइ तथा बाल सञ्जाल गठन गर्नुपर्नेछ । गठन भएका बाल क्लब भन्ने वाक्यांस थप गरी संसोधन गरिएको छ ।

२) भद्रपुर नगरपालिकाको बाल क्लब तथा बाल संजाल सञ्चालन निर्देशिका २०७६ को दफा ९ (१) को **"वडा बाल सञ्जाल"** पछि **"र नगर सञ्जाल"** भन्ने वाक्यांस थप्ने र **"बारम्बार गरेमा"** भन्ने वाक्यांस पछि **"वा बाल क्लबका सदस्यहरुले स्वऐच्छिक राजिनामा दिएमा बाल क्लबको अध्यक्षले र सञ्जालको सदस्यले राजिनामा दिएमा सञ्जालको अध्यक्षले स्वीकृति गर्ने । वडा सञ्जालका अध्यक्षले राजिनामा दिएमा वडा समितिले र नगर सञ्जालका अध्यक्षले राजिनामा दिएमा नगर प्रमुखले स्वीकृत गरी कार्यपालिकामा जानकारी दिइ"** भन्ने वाक्यांस थप गर्ने र **"बारम्बार गरेमा "पछिको "वडा समितिले"** भन्ने वाक्यांस हटाइ संसोधन गरिएको छ ।

३) भद्रपुर नगरपालिकाको बाल क्लब तथा बाल संजाल सञ्चालन निर्देशिका २०७६ को दफा ४ मा भएको **"बालक्लब"** भन्ने वाक्यांस पछि **"बाल सञ्जाल"** भन्ने वाक्यांस थप गरी संसोधन गरिएको छ ।

**गणेश पोखरेल**
**नगर प्रमुख**
**भद्रपुर नगरपालिका**

(ग) भद्रपुर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि २०७५ को दफा ५ को उपदफा ४ पछि देहाय अनुसारको उपदफा ५ थप गरी संसोधन गरिएको छ ।

"(५) दफा ५ को उपदफा (२),(३),(४) मा जुनसुकै कुरा उल्लेख भएको भएता पनि "घ" वर्गको निर्माण व्यवसायि इजाजत पत्र नवीकरण गर्ने उल्लेखित दफाहरुमा तोकिएको अन्तिम म्याद समेत समाप्त भएका इजाजतपत्र नवीकरण गर्नु पर्ने भएमा अन्य कार्यालयबाट नवीकरणको प्रकृया पुरा गरी नगरपालिकामा आवेदन प्राप्त भएमा उपदफा (३) को म्याद समाप्त भएको मितिले पहिलो ६ (छ) महिनासम्म मासिक रु २,०००।-(दुई हजार) र सो ६ (छ) महिनाको म्याद समाप्त भएको मितिले मासिक रु ३,०००।- (तीन हजार) का दरले वा एकमुष्ठ रु २५ हजारमा जुन बढी हुन्छ सो अनुसारको विलम्भ शुल्क लिई थप ९ (नौ) महिनाभित्रमा नवीकरणको निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्रको नवीकरण गरी दिन सक्नेछ ।

४. भद्रपुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५ को दफा ७ (३) पछि देहाय अनुसार खण्ड क र ख थप गरी संसोधन गर्ने निणर्य गरियो ।

(क) भद्रपुर नगरपालिकाको सेवा र कार्यहरुका लागि स्थानिय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८० बमोजिम आ.व.२०८०/०८१ मा योजना तथा कार्यक्रमहरु संचालनको क्रममा उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुमा लागत सहभागिताको प्रतिशत निर्धारणको अधिकार कार्यपालिकामा रहने गरी लाग सहभागिता वापतको २०% रकम सहित उपभोक्ता समितिसँग निम्नानुसार हुने गरी सम्झौता गर्ने

- लागत सहभागिता रकम सम्झौता गर्दा दाखिला गर्नु नपर्ने, कार्य सम्पादनका बखतमा नगद सहभागिता गर्ने र निर्माणका कार्यको प्राविधिक मुल्याङ्कन अनुसार भुक्तानी गर्दा अन्य प्रचलित कानून अनुसारको रकम बाहेक लागत सहभागिताको रकम कट्टा गर्ने
- पेश्की उपलब्ध नगराउँने र सम्झौता रकमको कम्तिमा २०%रकम काम सम्पन्न भएपछि मात्र प्रथम किस्ता निकासा गरिने

- बढीमा ३ पटक सम्मको रकम निकासामा योजना कार्य सम्पन्न गरी सक्नु पर्ने ।

(ख) रोजगार उपभोक्ता समितिको कार्य क्षेत्र र लागत सहभागिता सम्बन्धमा

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तरगत सूचीकृत बेरोजगारहरुलाई न्यूनतम् रोजगारी प्रदान गर्ने उदेश्यले सूचीकृत बेरोजगारहरु मध्येबाट रोजगार उपभोक्ता समिति गठन गरी योजना संचालन गर्दा निम्नानुसारको नीतिगत निर्णय गरियो ।

- रोजगार उपभोक्ता समितिको कार्य क्षेत्र सम्बन्धित एक वडामा मात्र नभई एकभन्दा बढी वडामा र एक बढी योजनामा समेत हुनेछ
- रोजगार उपभोक्ता समितिबाट कार्य सम्पादन गर्दा ज्याला वापतको रकम लगत सहभागिता लाग्ने छैन भने निर्माण सामाग्रिको हकमा लागत सहभागिता रकम सम्झौता गर्दा दाखिला गर्नु नपरेता पनि निर्माण कार्यको प्राविधिक मुल्याङ्कन अनुसार भुक्तानी गर्दा अन्य प्रचलित कानून अनुसारको रकम बाहेक लागत अनुमानको १०प्रतिशत रकम लागत सहभागिता वापत कट्टा गरिने र पेश्की उपलब्ध गराईने छैन ।

आज्ञाले

.....................................

(टेककुमार रेग्मी)

प्रमुख प्रशासकीय अधिकृत